# मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.नं. : १०६९

मिति : २०८१।०९।०३

**विषय : विद्यालय खोल्न अनुमति तथा कक्षा थप सम्बन्धमा ।**

प्रस्तुत विषयमा संघिय शिक्षा नियमावली, २०५९ को परिच्छेद २ नियम ३ को उपनियम (१) मा विद्यालय खोल्न निवेदन दिने, नियम ४ मा विद्यालय खोल्नको लागि पुरा गर्नुपर्ने पूर्वाधारको व्यवस्था भएकाले शैक्षिक सत्र २०८२ मा यस नगरपालिका अन्तर्गत विद्यालय संचालन अनुमति लिन चाहने र संचालनमा रहेका विद्यालयहरुले कक्षा थप एवम् कक्षा ११ र १२ को विषय थप समेत गर्न यही मिति २०८१ पौष मसान्त भित्र यस न.पा.को शिक्षा शाखामा निवेदन पेश गर्न सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

**विद्यालय संचालन अनुमतिका लागि आवश्यक कागजातहरु :**

१. शिक्षा नियमावली, २०५९ (संसोधन सहित) अनुसुची १ बमोजिमको ढाँचामा आवेदन ।
२. वडा कार्यालयको सिफारिस तथा सिफारिस वापत रकम तिरेको भौचर ।
३. नजिकको समान तहको २ वटा सामुदायिक विद्यालयको सहमति पत्र ।
४. वि.व्य.स.को निर्णय प्रतिलिपी ।
५. प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा ।
६. तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपी ।
७. शिक्षक नियुक्ति तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी । (शिक्षा नियमावली, २०५९ बमोजिम)
८. कम्तीमा ३ वर्ष सम्म निजी स्रोतमा संचालन गर्ने सम्बन्धी वि.व्य.स.को निर्णय तथा प्रतिवद्धता पत्र । (सामुदायिक विद्यालयको हकमा)
९. सामुदायिक विद्यालयको हकमा विद्यालयको नाममा आवश्यक जग्गा दर्ता भएको जग्गा धनी प्रमाण पत्र प्रतिलिपी ।
१०. गत आ.व. समेतको लेखापरीक्षण प्रतिवेदन ।

**संस्थागत विद्यालयको हकमा थप आवश्यक कागजातहरु :**

११. कम्पनीको प्रमाण पत्र, प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपी ।
१२. शैक्षिक गुठी स्वीकृत भएको विधानको प्रतिलिपी । (कक्षा १ तथा गुठीमा संचालित विद्यालयको हकमा)
१३. कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी ।
१४. घरभाडा जग्गाधनीको लालपुर्जा र सम्झौता पत्रको प्रतिलिपी ।
१५. विद्यालयको प्रस्तावना पत्र ।
१६. पंचवर्षिय कार्य योजना ।
१७. पाठ्यपुस्तक तथा शुल्क विवरण ।
१८. शिक्षक कर्मचारीहरुको वैंकमा खाता खोलेको प्रमाण पत्र प्रतिलिपी, नियुक्ति पत्र, पान नं., बैंक स्टेटमेन्ट ।
१९. कक्षागत विद्यार्थी विवरण (२०८१।०८२) ।

.............
राजेश कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :**
श्री सूचना प्रविधि शाखा : यस न.पा.को Website तथा Facebook मा Upload गरी दिनु हुन ।



CamScanner